नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
🖷 ०८७-५२०१८०
✉daojumla@gmail.com

मिति : २०७८।२।१४

## सार्वजानिक सूचना जारी सम्वन्धमा ।

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण नेपालमा तीव्र रुपमा बढ्दै गएको सन्दर्भ सो को रोकथाम , नियन्त्रण ,निदान र उपचारसमवन्धी कार्यलाई एकीकृत र व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि तत्काल व्यवस्था गर्न **कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश ,२०७८** नेपाल राजपत्रमा मिति २०७८।०२।०६ मा प्रकाशित भैईसकेको छ ।उक्त अध्यादेशको प्रावधान तत्काल कार्यान्वयन गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन अत्यावश्यक भएकोले सर्वसाधारण नागरिक स्तरवाट परिपालना गर्नुपर्नें विषयहरु मध्ये देहायका विषयहरु परिपालना नगरिएको पाईएमा निम्नानुसार सजाय हुने व्यवस्था भएको हुदाँ नागरिकस्तरवाट प्रभावकारी पालना गरी कोभिड-१९ रोकथाम र नियन्त्रणमा सहयोग गरिदिन अनुरोध छ ।

### निम्नानुसार :

१. कसैले यो अध्यादेश बमोजिमको कुनै काम गर्न बाधा अवरोध सिर्जना गर्न नहुने गरेमा **एक वर्ष सम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।**

२. यो अध्यादेश बमोजिम जारी गरिएको मापदण्ड पालना गर्नुपर्ने ,पालना नगरेमा **६ महिना सम्म कैद वा तीन लाख रुपैया सम्म जरिवाना वा दुवै सजाय हुनेछ।**

३. यो अध्यादेश बमोजिम दिएको आदेश पालना गर्नुपर्ने ,कुनै व्यक्तिले उक्त आदेश उल्लघन गरेमा **एक लाख सम्म र कुनै संस्थाले उल्लघन गरेमा पाँचलाख सम्म प्रमुख जिल्ला अधिकारीवाट** तत्काल **जरिवाना** हुने ।

४. मास्क नलगाई सार्वजानिक स्थलमा आवतजावत गरेमा **पटकै पिच्छे एक सय रुपैया** ,मानिसको आवतजावतमा रोकलगाएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लघन गरेमा **पटक्कै पिच्छे दुई सय रुपैया** ,सवारीसाधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्वन्धित अधिकारीको अनुमति विना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा विरामी ओसारपसार गर्ने अवस्थामा वाहेक सवारी साधन चलाएमा **पटक्कै पिच्छे दुईपाङ्ग्रे सवारी साधन भएमा दुई हजार रुपैया र अन्य सवारी साधन भए पाँच हजार रुपैया** तत्काल सुरक्षाकर्मीले जरिवाना गर्नेछन् । यस प्रकारको सवारी साधन सुरक्षाकर्मीले निश्चित समयसम्म नियन्त्रणमा लिन सक्नेछन् ।

५. यस अध्यादेश विपरीतको काम गर्ने संस्था वा व्यवसायलाई माथि उल्लेखित सजायको अतिरिक्त **प्रमुख जिल्ला अधिकारीले ६ महिनासम्मको लागि बन्द गर्न आदेश दिन सक्नेछ ।**

भूपेन्द्र थापा
अधिकारी